**प्रस्तावहरू**

१. गत बर्ष स्वीकृत योजना सम्वन्धमा ।

२. एम्बुलेन्स खरिद ।

३. आय विवरण ।

४. ऋण लिने ।

५. साविकमा बनेका घर संरचना

६. प्रगती समीक्षा

७. अनुमति ।

८. योजना संचालन ।

९. एक विद्यालय एक नर्स ।

१०. शिक्षकको कार्यक्रम स्वीकृत ।

११. योजना संचालन ।

१२. प्रदेशमा योजना माग गर्ने ।

निर्णय प्रतिलिपि उतार

२०७८।०५।११

इन्द्रप्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरू :**

क) गत बर्ष स्वीकृत भई सम्झौता नभएका योजनालाई निरन्तरता नदिने निर्णय गरियो ।

ख) गत बर्ष स्वीकृत भई कार्य सम्पन्न समेत भई फरफारक हुन बाँकी रहेका निम्न योजनालाई फरफारक गरि बाँकी रकम भुक्तानी दिने निर्णय गरियो ।

निम्न :

| सि.नं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम |
|---|---|---|---|
| १ | कुशादेवी बजार ढल तथा खानेपानी ब्यवस्थापन | २ | १०,००,०००।- |
| २ | कुशादेवी खानेपानी योजना (साझेदारी) | २ | २५,००,०००।- |
| ३ | सामुदायिक चोकदेखि शंखेलसम्मको सडक मर्मत कार्य | ४ | ७१,४३,०००।- |
| ४ | बाँसधारी काभ्रेबोट सडक स्तरोन्नती कार्य | ५ | १०,००,०००।- |
| ५ | लड्केश्वर निमावि, नेपाने फर्निचर र खेल मैदान निर्माण | ११ | १०,००,०००।- |
| ६ | भालेश्वर खारखोला सडक संरक्षण | १२ | १८,००,०००।- |
| ७ | पनौती खोपासी सडक | ९ र १० | २,००,०००।- |
| ८ | वन वृक्षारोपन कार्य | १ | ३,००,०००।- |

ग) गत बर्ष स्वीकृत भई कार्य सुरू गरि अधुरो अबस्थामा रहेका योजनालाई भएको कामको मूल्याङ्कन गरि जनसहभागीता वातको रकम कटाई मूल्याङ्कित रकम अनुसार ठहरेको रकम मात्र भुक्तानी दिने निर्णय गरियो

१) डिहिगाउँ महाँकाल शान्ती पार्क

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रेपलाञ्चोक, ३ नं. प्रदेश, नेपाल

निर्णय प्रमाणित

२०७८।०५।११

हरि प्रसाद ...
प्रमुख प्रशासकीय अधिकृत

घ) सम्झौता भई कार्य संचालन नभएका तर ठेक्का बन्दोवस्तबाट संचालन हुने निम्न योजनालाई निरन्तरता दिने निर्णय गरियो ।

क) नगरपालिका कार्यालय परिसरमा सेवाग्राही प्रतिक्षालय एवं स्तुपा स्तरोन्नती कार्य

ख) संखु दाहालटार लिफ्ट खानेपानी १०

ग) पावर हाउस बल्थली ख्याकु सडक स्तरोन्नती कार्य ११

घ) नगरपालिका कार्यालय भवनमा थप पूर्वाधार निर्माण

ङ) सामुदायिक चोकदेखि शंखेलसम्मको सडक स्तरोन्नती कार्य ४

च) पुण्यमाता खोला संरक्षण

छ) तेजगंगा बहुमुखि क्याम्पस पूर्वाधार ८

ङ) सम्झौता भई कार्य संचालन भइरहेको निम्न योजनाहरूलाई निरन्तरता दिने निर्णय गरियो ।

क) बजार क्षेत्र ढल लाईन सुधार ७

ख) वडा नं. १२ को एकिकृत खानेपानी योजना १२

ग) सिंचाई योजना (०७५।५।५) को निर्णयानुसार) १२

घ) मगरगाउँ स्वास्थ्य केन्द्र स्थापना १२

ङ) पावरहाउस वल्थली ख्याकु सडक ढलान कार्य ११

निर्णय प्रतिलिपि
२०७६।०५।११

२. यस नगरपालिका क्षेत्रभित्र सर्वसाधारणको प्रयोगको लागि सवारी साधन खरिद खर्च शिर्षकबाट एउटा एम्बुलेन्स खरिद गर्ने साथै खरिद गर्दा अपनाउनुपर्ने प्रकृया र भन्सार छुट सम्बन्धी व्यवस्था एम्बुलेन्स खरिद सम्बन्धमा जारि निर्देशिका बमोजिम गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकाको मिति ०७६।०३।२४ मा सम्पन्न पाँचौ नगरसभाबाट स्वीकृत आय अनुमान विवरणमा नगर विकास कोष ऋण रू. १४,२४,००,०००।- र मौज्दात तर्फ रू. १३,८६,३१,०००।- श्रोत अनुमान गरी कूल आय अनुमान रू. १,२६,०१,२६,०००।- कायम गरी आगामी नगर सभाबाट अनुमोदन गराउने गरी संशोधन गर्ने निर्णय गरियो ।

४. कूल बजेटमा न्यून हुने अंक रू. १४,२४,००,०००।- नगर विकास कोषसंग सहुलियतपूर्ण ऋण लिई बजेटको संतुलन कायम गर्ने निर्णय गरियो ।

५ (क) साविक गाविसको समय घर संरचना वन्दा नक्सा पासको प्रकृया अवलम्वन भई नसकेका कारण विना अभिलेख बनेका घर संरचनाको लगत समेत राख्नुपर्ने देखिएकोले सम्वन्धित घर धनीलाई घरको प्रकृति, साईज लगायत कि.नं./क्षे.फ. खुलाई अभिलेखिकरणका लागि निवेदन दिन ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने, निर्धारित अवधि भित्र निवेदन दर्ता गर्ने, घरवालाको घर संरचना आफ्नै स्वामित्व भित्रको अविवादित घर हो भनि सम्बन्धित वडाले सर्जमीन गरि पठाएमा त्यस्ता घरलाई नगरपालिकाको रेकर्डमा जनाई प्रकृति खुल्ने गरी नक्सा बनेको भए नक्सामा र नक्सा नभए सो अभिलिखित भएको निस्सा जारी गर्ने यसका लागि आगामी नगर सभाबाट अनुमोदन हुने गरी भवनको क्षेत्रफलका आधारमा नक्सापासका लागि निर्धारित दरमै अभिलेखिकरण दस्तुर लिने तर ३५ दिन पछि प्राप्त हुने निवेदनको हकमा थप २५ प्रतिशत दस्तुर लगाउने निर्णय गरियो ।

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रेपलाञ्चोक, ३ नं. प्रदेश, नेपाल

निर्णय प्र

हरि प्रसाद

(ख) नगरको सीमावर्ती क्षेत्रमा बनेका घर संरचना विविध द्विविधा पुर्ण कारणले अन्य छिमेकी स्थानीय तहबाट नक्सापास भएकोमा सम्बन्धित घर संरचना धनी स्वयंले मैले पनौती नगरपालिका क्षेत्रको साँध सीमाना यकिन हुने जग्गामा घर बनाएको हो विविध कारणले तात्कालिन समयमा अन्य तहबाट नक्सापास हुन गएकोमा उप्रान्त पनौती नगरपालिका ठेगाना कायम गरी सो पास भएको नक्सामा थप निर्माण या संशोधन गरिपाउँ भनि निवेदन प्राप्त हुन आएमा सम्बन्धित वडाले सो वडामा खटिएका प्राविधिक समेतको उपस्थितिमा स्थलगत सर्जमीन सहित सिफारिश भई आएमा तत् सम्बन्धी कार्यवाही अघि बढाउने र यसका लागि साविककै दरमा शुल्क लिने निर्णय गरियो ।

६. यस नगरपालिकाको आ.व. ०७५/७६ को बार्षिक प्रगती समीक्षा गोष्ठी यही ०७६ भाद्र २० गते शुक्रवारका दिन दिनको १:०० बजे नगरपालिका हलमा आयोजना गर्ने निर्णय गरियो ।

७. पनौती-५ ठेगाना कायम गरि दर्ता हुन आएको प्रो. जुलियस खड्का रहेको जुलियन कन्ष्ट्रक्सनलाई 'घ' बर्गको निर्माण ब्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

८. यस नगरपालिका क्षेत्रको निम्न विभिन्न स्थानमा देहाय बमोजिमका योजना मर्मत संभार खर्च शिर्षकबाट संचालन गर्न स्वीकृत गर्ने निर्णय गरियो ।

क) पनौती खोपासी सडक मर्मत सुधार रू. १०,००,०००।-

ख) पनौती रोशी सडक मर्मत रू. ८,२०,०००।-

ग) शशस्त्र प्रहरीको क्याम्प (ठाडोबाटो, पनौती) जान अस्थायी कज्वे निर्माण रू. १,७०,०००।-

९. सामाजिक विकास मन्त्रालय प्रदेश नं. ३ को प.सं. ०७६/७७ च.नं. ४०० मिति ०७६।०५।०२ को प्राप्त पत्रानुसार एक विद्यालय एक नर्स कार्यक्रम संचालन कार्यविधि, ०७६ ले निर्धारण गरेको मापदण्डका आधारमा निर्धारित सूचक बमोजिम पनौती नगरपालिका वडा नं. २ स्थित सामुदायिक विद्यालयका रूपमा संचालित कुशादेवी मा.वि. लाई उक्त कार्यक्रमका लागि छनौट गर्ने निर्णय गरियो ।

१०. पाँचौ नगर सभाबाट शिक्षा क्षेत्रको लागि विनियोजित एकमुष्ट बजेटबाट कार्यक्रम तर्जूमाका लागि सामाजिक विकास समितिमा पेश भई उक्त समितिबाट कार्यक्रमगत रूपमा बजेट विनियोजन भई सिफारिश हुन आएको कूल ३ करोड ५० लाख बरावरको कार्यक्रम बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

११. पाँचौ नगर सभाबाट स्वीकृत योजना संचालनका लागि देहाय बमोजिमको योजना संचालन कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो ।

१. वडामा उपभोक्ता समिति गठनका लागि ०७६।०५।१५ भित्र मार्ग दर्शन पठाउने ।

२. वडाले आ आफ्नो वडामा स्वीकृत योजना उल्लेख गरि उपभोक्ता समिति गठनको तालिका सार्वजनिक गर्ने ०७६।०५ मसान्त भित्र

| योजनाको नाम | स्वीकृत रकम | भेला हुने मिति | समय | स्थान |
|---|---|---|---|---|

३. उपभोक्ता समिति गठन ०७६।०६ मसान्त भित्र ।

४. गठित उपभोक्ता समितिको विवरण नगरपालिकामा ०७६ कार्तिकको पहिलो हप्ता भित्र पठाउने ।

५. गठित उपभोक्ता समितिका पदाधिकारीहरूलाई योजना संचालनका लागि नगरपालिकाबाट ०७६ कार्तिक १५ भित्र अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।

निर्णय प्रतिलिपि

निर्णय प्रमाणित

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय पनौती, काभ्रेपलाञ्चोक, ३ नं. प्रदेश, नेपाल

## योजना संचालन अभिमुखिकरण कार्यक्रम

| वडा नं. | संचालन हुने मिति | समय | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | ०७६।०८।१७ | विहान ७:३० बजे | वडा भवन | |
| २ | ०७६।०८।१८ | विहान ७:३० बजे | वडा भवन | |
| ३ | ०७६।०८।१९ | विहान ७:३० बजे | वडा भवन | |
| ४ | ०७६।०८।२० | विहान ७:३० बजे | वडा भवन | |
| ५ | ०७६।०८।२१ | विहान ७:३० बजे | वडा भवन | |
| ६ | ०७६।०८।२२ | विहान ७:३० बजे | वडा भवन | |
| ७ | ०७६।०८।१७ | दिउसो ११:०० बजे | वडा भवन | |
| ८ | ०७६।०८।१८ | दिउसो ११:०० बज | वडा भवन | |
| ९ | ०७६।०८।१९ | दिउसो ११:०० बज | वडा भवन | |
| १० | ०७६।०८।२० | दिउसो ११:०० बज | वडा भवन | |
| ११ | ०७६।०८।२१ | दिउसो ११:०० बज | वडा भवन | |
| १२ | ०७६।०८।२२ | दिउसो ११:०० बज | वडा भवन | |

६. योजनाको लागत ईष्टिमेट ०७६।०७ मसान्त भित्र तयारी गर्ने ।

७. योजना सम्झौता ०७६ मार्ग १५ भित्र गर्ने ।

८. योजना संचालन ०७६ मार्ग १६ देखि ०७७ बैशाख मसान्तसम्म गर्ने ।

९. अनुगमन योजना संचालनको अवधि भरि ।

१०. प्रतिवेदन ०७७ जेष्ठको पहिलो हप्ता भित्र ।

११. कार्य सम्पन्न/फरफारक ०७७ जेष्ठ १५ भित्र ।

क) स्वीकृत योजना मध्ये वडा स्तरिय योजनाको उपभोक्ता समिति गठन सम्बन्धित वडाका वडा अध्यक्ष वा निजको प्रतिनिधित्व हुने गरी वडा सदस्यको उपस्थितिमा हुनेछ ।

ख) नगरस्तरिय योजनाको उपभोक्ता समिति प्रमुख/उप प्रमुखको उपस्थितिमा नगर कार्यपालिकाको संयोजनमा गठन हुनेछ ।

ग) ०७६ मार्ग १५ पश्चात कुनै पनि योजना संझौता गरिने छैन ।

घ) सम्झौता नभएका वा भुक्तानी बाँकी रहेका योजनाको आगामी बर्षमा दायित्व सर्ने छैन ।

ङ) योजना संशोधन वा रकमान्तर गर्नुपरेमा ०७६ पौष मसान्त भित्र भई सक्नु पर्नेछ ।

१७. प्रदेश सरकार, प्रदेश नं. ३ आर्थिक मामिला तथा योजना मन्त्रालय (प्रादेशिक योजना तथा अनुगमन शाखा) को प.सं. १३/०१/२०७६/७७ को पत्रानुसार प्रदेश समपुरक अनुदान र प्रदेश विशेष अनुदानका लागि देहाय बमोजिमको योजना छनौट गरि पठाउने निर्णय गरियो ।

**निम्न :**

१. प्रदेश समपुरक तर्फ : भालेश्वर चालिसे बजार मोटरबाटो पनौती न.पा. वडा नं. १२/२ रू. २ करोड

२. प्रदेश विशेष अनुदान तर्फ : धिमिरे गाउँ खानेपानी योजना पनौती न.पा. ३ रू. ५० लाख

निर्णय प्रतिलिपि
२०७६।०८।११

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रेपलाञ्चोक, ३ नं. प्रदेश, नेपाल

निर्णय प्रमाणित
०७६।८।११
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १० संग सम्बन्धित

# पनौती नगरपालिका

## शिक्षा शाखा

## आ व २०७६/७७ को कार्यक्रम तथा वजेट

| | कार्यक्रमको नाम | वजेट | कैफियत |
|---|---|---|---|
| १ | वाल विकास केन्द्र सहयोगी कार्यकर्ताहरुको लागि प्रोत्साहन अनुदान | १०८००००.०० | |
| २ | गोरखनाथ आ. वि. कम्पाउण्ड तारजाली | ५०००००.०० | |
| ३ | कुशादेवी मा वि नमुना विद्यालय सञ्चालन सहयोग अनुदान | १५०००००.०० | |
| ४ | शान्तिनिकेतन मा. वि. स्कूल बस सेवा सञ्चालन अनुदान | ३०००००.०० | |
| ५ | एस ओ एस वालग्राम छात्रवृत्ति कार्यक्रम | १६६१०००.०० | |
| ६ | सामुदियक क्याम्पस सञ्चालन सहयोग (इन्द्रेश्वर कुशादेवी, तेजगंगा) | ४५००००००.०० | |
| ७ | सामुदायिक विद्यालय उत्पिडित । अशक्त विद्यार्थी छात्रवृती कार्यक्रम | ३०००००.०० | |
| ८ | सामुदायिक विद्यालय एस इ इ पुरस्कार कार्यक्रम | ५०००००.०० | |
| ९ | सामुदायिक विद्यालय प्र. अ. प्रोत्साहन भत्ता | १४००००.०० | |
| १० | सामुदायिक विद्यालय स्कूल वस तथा एम्वुलेन्स खरिद | १५०००००.०० | |
| ११ | विद्यालय शिक्षा गुणस्तर वृध्दि सहयोग कार्यक्रम | ३४०००००.०० | |
| क | अधारभुंत तहको विद्यालय शिक्षा गुणस्तर वृध्दि सहयोग कार्यक्रम | | |
| ख | माध्यमिक तहको विद्यालय शिक्षा गुणस्तर वृध्दि सहयोग कार्यक्रम | | |
| १२ | सामुदायिक विद्यालयमा निजि स्रोंतका शिक्षकका लागि पोशाक | २०००००.०० | |
| १३ | प्रधानाध्यापक नियमित मासिक बैठक सञ्चालन | ५०००००.०० | |
| १४ | सस्थागत विद्यालय त्रैमासिक बैठक सञ्चालन तथा समन्वय | १०००००.०० | |
| १५ | नगर शिक्षा समिति बैठक समन्वय तथा अनुगमन | ३०००००.०० | |
| १६ | परीक्षा समिति बैठक तथा परीक्षा सम्बन्धि कार्य | २०००००.०० | |
| १७ | सामाजिक विकास समिति बैठक तथा अनुगमन | ३०००००.०० | |
| १८ | वाल विकास केन्द्रकालागि शैक्षिक सामग्री वितरण | ४०००००.०० | |
| १९ | विद्यालय सुधार योजना र सामाजिक परिक्षण सम्बन्धि कार्यशाला | २०००००.०० | |
| २० | विद्यालय लेखा व्यवस्थापन तथा लेखा परिक्षण अभिमुखिकरण | १५००००.०० | |
| २१ | शैक्षिक कार्यक्रम प्रवोधिकरण | १०००००.०० | |
| २२ | वाल विकास सहयोगी कार्यकर्ता पुनर्ताजकी | १०००००.०० | |
| २३ | कक्षा ८, SEE , +२ तथा अन्य परिक्षा अनुगमन | १५००००.०० | |
| २४ | नगर स्तरीय शैक्षिक सामग्री प्रदर्शनि | २०००००.०० | |
| २५ | अतिरिक्त क्रियाकलाप सञ्चालन (हाजिरजवाफ, वादविवाद, कविता तथा वक्तृत्वकला ) | ४०००००.०० | |
| २६ | दिवस, पर्व सञ्चालन (शिक्षा दिवस, वाल दिवस लगायत) | ३०००००.०० | |
| २७ | तहगत अतिरिक्त क्रियाकलाप सञ्चालन ( प्रतिभाको खोजी) | ३०००००.०० | |
| २८ | वि. व्य. स. / शि. अ. संघ क्षमता अभिवृद्धि कार्यशाला संचालन | २०००००.०० | |
| २९ | प्रत्येक वडामा अभिभावक शिक्षा कार्यक्रम शैक्षिक सरोकारवाला सग अन्तकिर्या कार्यक्रम | ६०००००.०० | |
| ३० | माध्यमिक तहका अनिवार्य विषयमा विषयगत शिक्षक तालिम सन्चालन | ३०००००.०० | |
| ३१ | प्राथमिक शिक्षक पुनर्ताजकी तालिम (कक्षा १-५ सन्चालित ) | २०००००.०० | |
| ३२ | प्रधानाध्यापक क्षमता अभिवृद्दि कार्यक्रम | २०००००.०० | |

शिव न्यौपाने
प्रमुख

| | | | |
|---|---|---|---|
| ३३ | विद्यालयमा वाल क्लव गठन तथा अभिमुखिकरण | २६००००.०० | |
| ३४ | शैक्षिक प्रगति समिक्षा कार्यक्रम | १०००००.०० | |
| ३५ | इन्द्रेश्वर मा. वि. स्रोत सट्टा शिक्षक व्यवस्थापन अनुदान | ४८००००.०० | |
| ३६ | राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता | ७०००००.०० | |
| ३७ | कक्षा ८ को परीक्षा सञ्चालन | १३०००००.०० | |
| ३८ | विद्यालय अनुगमन तथा निरीक्षण | ७०००००.०० | |
| ३९ | भालेश्वर मा वि स्कूल बस सन्चालन सहयोग | ३०००००.०० | |
| ४० | शिक्षकको शिक्षण सिकाइमा विताउने समयावधि सुधार योजना सहयोग कार्यक्रम | १५००००.०० | |
| ४१ | नमुना विद्यालय भ्रमण कार्यक्रम | ५०००००.०० | |
| ४२ | स्थानिय पाठ्यक्रम निर्माण | ६०००००.०० | |
| ४३ | डिजिटल हाजिरी जडान तथा अनुगमन | ६५०००००.०० | |
| ४४ | अधारभूत तह (कक्षा ८) उत्तिर्ण सम्मान | ५००००.०० | |
| ४५ | प्रश्नपत्र निर्माण, उत्तर कुञ्जिका निर्माण, परीक्षण, संपरीक्षण प्रवोधिकरण अधारभुत तथा माध्यमिक | २०००००.०० | |
| ४६ | शै. स. २०७७ भर्ना अभियान कार्यक्रम | ५००००.०० | |
| ४७ | शै. स.२०७७ को क्यालेण्डर निर्माण | ५००००.०० | |
| ४८ | विद्यालय हाता (GREEN, CLEAN, PEACE SAFE) कार्यक्रम | ४०००००.०० | |
| ४९ | किशोरी शिक्षा (सेनेटरी प्याड प्रयोग) अभिमुखिकरण | ५०००००.०० | |
| ५० | नगर शैक्षिक वुलेटिन चौमासिक प्रकाशन | २०००००.०० | |
| ५१ | विद्यालय अनुगमन समितिको अन्तरक्रिया तथा प्रतिवेदन हस्तान्तरण | २०००००.०० | |
| | शिक्षक सहयोग कार्यक्रम | | |
| ५२ | मा वि तहमा न्युनतम तीन मा वि शिक्षक (गणित, विज्ञान र अंग्रेजी) विषय व्यवस्थापन | ३२४८०००.०० | |
| ५३ | तल्लो तहमा स्थायी भइ माथिल्लो योग्यता भएका शिक्षकलाइ माध्यमिक तहमा अध्यापन गरेवापत थप प्रोत्साहन | १०१५०००.०० | |
| ५४ | २५ वर्ष स्थायी सेवा अवधि पुरा गरेका र अनिवार्य अवकाश हुने अवधि कम्तिमा ५ वर्ष वाँकी रहेका शिक्षकले स्वैच्छिक अवकास लिन चाहेमा शिक्षक प्रोत्साहन | १५०००००.०० | |
| ५५ | सिकाई उपलब्धिको अधारमा प्र. अ. शिक्षक विद्यार्थी पुरस्कार | २०००००.०० | |
| ५६ | विविध सहयोग तथा सञ्चालन खर्च | ४६६०००.०० | |
| ५७ | विद्यालयगत सिकाई उपलब्धिको विश्लेशन तथा वृध्दि योजना निर्माण | २०००००.०० | |
| ५८ | वाल क्लव पदाधिकरी क्षमता अभिवृध्दि | १०००००.०० | |
| ५९ | अनौपचारिक शिक्षा कार्यकम | १०००००.०० | |
| | **जम्मा** | ३५००००००.०० | |

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रेपलाञ्चोक, ३ नं. प्रदेश, नेपाल
२०७३

भिम न्यौपाने
प्रमुख